बेलकानगरपालिका,उदयपुर

आर्थिकवर्षः२०८२/०८३

नगरकार्यपालिकाबैठकसंख्याः५

मितिः २०८२/०६/२९गते अपरान्हको १२:००बजे

<u>प्रस्तावहरू</u>

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. नेपाल यातायात स्वतन्त्र मजदुर सँगठनको भलाई कोष निर्माण था सञ्चालन माग सम्बन्धमा ।

३. मैनामैनी सडक खण्ड मर्मतका लागि चतरा धामको अनुरोध सम्बन्धमा ।

४. बेलका-२ बाँनडाडा स्थित खोपकेन्द्र सम्बन्धमा ।

५. राधाकृष्ण मन्दिर बेलका-५ खयरबनीको माग सम्बन्धमा ।

६. आर्थिक सहयोग सम्बन्धमा ।

क. बेलका-३ माँ सारदे कृतन मण्डलीबाट बाद्यवादन खरिद ।

ख. बेलका-९ दुर्गा पुजा व्यवस्थापन समितिको आर्थिक सहयोग

ग. बेलका-३ कालुमान दमाइ विपन्न खाद्यान सहयोग ।

घ. बेलका-९ को पानी टंकी राम बहादुर खत्रीको छोरी सम्झना खत्री औषधी उपचार खर्च सहयोग ।

६. बेलका-४ लाल बजारबाट सिसुवा जाने खोलामा पुल माग सम्बन्धमा ।

७. भुक्तानी सम्बन्धमा ।

क. २०८२/०६/१७ देखि २० सम्म परेको अबिरल वर्षाको कारणले क्षति भई विपद् व्यवस्थापन शाखाबाट मर्मत गरिएका सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा ।

ख. विश्वकर्मा वावाको मूर्ति निर्माण आर्थिक सहयोग सम्बनधमा ।

ग. बहस पैरबी पारिश्रमिक रकम भुक्तानी सम्बन्धमा ।

घ. कार्यालयको सवारी साधन मर्मत वापतको रकम भुक्तानी(नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत) सम्बन्धमा ।

८.भूमि वर्गिकरण सम्बन्धमा ।

९.निर्माण सेवा दर्ता सम्बन्धमा ।

१०.मानसिक रोगिहरूको निःशुल्क स्वास्थ्य बीमा सम्बन्धमा ।

११.**Gen-Z** को ज्ञापन पत्र सम्बन्धमा ।

१२.नगर अस्तालमा कार्यरत डाक्टरको पारिश्रमिक सम्बन्धमा ।

१३.**IEE** प्रतिवेदन सम्बन्धमा ।

१४.विविध सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

CamScanner

आज मिति २०८२ असोज महिना २९ गते बुधबार दिनको १२:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८२/०८३ को पाँचौ बैठक नगर प्रमुख श्री अशोक कार्की ज्यूको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री बसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रोशनशङ्कर घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २१ | श्री गायत्रा राई | अधिकृतस्तर छैटौं | बे.न.पा. | | |
| २२ | श्री [illegible] | लेखा अधिकृत आठौं | बे.न.पा. | | |
| २३ | श्री रवि किरण आचार्य | अधिकृत आठौं | बे.न.पा. | | |
| २४ | श्री [illegible] | | बे.न.पा. | | |
| २५ | श्री | | बे.न.पा. | | |
| २६ | श्री | | बे.न.पा. | | |

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाका निर्णयहरू र कार्यान्वयनको अवस्थाबारे कार्यपालिकाका सदस्य सचिवबाट समितिसमक्ष प्रस्तुत गरी कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन उदयपुरको च.नं.१५७ मिति २०८२/३/२० को प्राप्त पत्रलाई सम्वोधन गर्नका लागि उक्त संगठनका पदाधिकारीहरु संग छलफल/अन्तरकृया मार्फत भएको निर्णयानुसार कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मैनामैनी सडक खण्ड मर्मतका लागि माग भई आएको प्रथम जगदगुरु पीठ एवं श्रीराधाकृष्ण भक्ति साधाना आध्यामिक प्रतिष्ठान चतराधाम,सुनसरीको च.नं.१२ मिति २०८२/०६/२५ गतेको माग निवेदन वमोजिम वाटो मर्मत सम्भारकालागि प्राविधिक लगत ईष्टिमेट तयार गरी उपभोक्ता समिति मार्फत मर्मत सम्भार गर्ने गरी बेलका न.पा.वडा नं.७ को लागत सहभागिता रु.१,७५,०००/- (अक्षरुपी एकलाख पचहत्तर हजार रुपैया) मात्र हुने र बाँकि हुन आउने रकमको व्यवस्थापन बेलका नगरपालिकाको श्रोतवाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बेलका-२ बाँनडाँडा स्थित खोपकेन्द्रको अपुरो भवन निर्माण सम्पन्न गर्नका लागि पुरानो अभिलेख हेरी स्थलगत अनुगमनको प्रतिवेदन अनुसार लागत ईष्टिमेट वमोजिम आवश्यक कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राधाकृष्ण मन्दिर बेलका-५ खयरबनीको माग निवेदन वमोजिम वडा कार्यालयले प्राविधिक लागत ईष्टिमेट तयार गरि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६माथि छलफल गर्दा आर्थिक सहयोग सम्वन्धमा निम्नानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

निम्नः

क. बेलका-३ माँ सारदे कृतन मण्डलीको माग निवेदनका सम्वन्धमा वाद्यवादन खरिदकालागि बेलका नगरपालिकावाट रु.२५,०००/-मात्र सामान खरिदको विल भर्पाई लिई भुक्तानी दिने निर्णय गरियो।

ख. बेलका-९ दुर्गा पुजा व्यवस्थापन समितिको माग निवेदन अनुसार रु.३०,०००/- सम्म विलभर्पाई अनुसार उपलव्ध गराउने निर्णय गरियो।

ग. बेलका न.पा.वडा नं.३ को च.नं.१३८ मिति २०८२/०५/१६ गतेको सिफारिस अनुसार कालुमान दमाईलाई खाद्यान्न सहयोग सम्वन्धमा सम्वन्धित वडा कार्यालय मार्फत नै आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

घ. बेलका -९ को पानी टंकी वस्ने राम वहादुर खत्रीको छोरी सम्झना खत्रीलाई औषधोपचार सम्वन्धमा नगर पालिकावाट अतिविपन्न नागरिक औषधिउपचार शिर्षकवाट रु.२५,०००/- सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका-४ लालवजारवाट सिसुवाजाने खोलामा कलवर्ड माग सम्वन्धमा प्राविधिक लागत ईष्टिमेट तयार गरि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा विभिन्न रकम भुक्तानी गर्ने सम्वन्धमा तपसिल बमोजिमका निर्णय कार्यन्वयन गर्ने निर्णय गरियो ।

क. २०८२/०६/१७ देखि २० गते सम्म परेको अबिरल वर्षाको कारणले क्षति भई विपद् व्यवस्थापन समितिको मिति २०८२/०६/२३ गते भएको निर्णयानुसार मर्मत गरिएका सडक तथा कुलोहरु र विपद् व्यवस्थापनका अन्यकामकाजका रकम भुक्तानी गर्ने सम्बन्धमा तपसिल वमोजिमका योजनाहरु सम्पन्न भएकाले प्राविधिक शाखाको लागत ईष्टिमेट र मूल्याङ्कन अनुसार निम्न सडकयोजनाहरुको रकम विपद् शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

१. भौडाहा हुदै माथिल्लो वली सम्म, आम्वासी चोक देखि आम्वासी हाईट सम्मको सडक- वडा नं.-१
२. धाराखोला हुँदै लालभित्ति गिदेरी सम्म सडक मर्मत- वडा नं.-२
३. रानीपधेरा-रातमाटे – जहडा – मैनीसडक – वडा नं.-५
४. झोरापाटा-देवराजे-शिखरमाडी-हुर्दुङ्गे-कन्चिरा सडक- वडा नं.-५
५. वुद्धचोक-लामिडाँडा-कात्तिकेसडक- उचाल्नेढुङ्गा – पुवारेथुम्का-घारेघाट-वाक्सिखोप-रानीटार जोड्ने सडक- वडा नं.-६
६. होमपुरुङ-मायुङ्गटार-भोजपुर-आमचोक जोड्ने सडक र लालिगुराँस देखि गोवाटार बाखाफुवा जोड्ने सडक – वडा नं. ७ र ८
७. सेतिखोला कुलो मर्मत – वडा नं.-८
८. जसोदा खोला कटान (कृषि वजार पछाडी) वडा नं.-९
९. जसोदा खोला कवडहलमाथि कुलोकोमुहान मर्मत- वडा नं.-९
१०. मुर्तिखोला कुलोको मुहानमा गिटिवालुवा अवरोध हटाउने काम- वडा नं.-९
११. बेलका न.पा.वडा नं.-९ को शाखा सडकहरुको खाल्डा खुल्डी पुर्ने तथा सम्याउने काम सम्पन्न भएको तरमिति २०८२/०६/१७ देखि २० गते सम्म परेको अविरल वर्षाका कारणले उक्त कार्य वगाएको हुँदा सो कार्यका लागि लागेको खर्चहरु मध्ये न.पा.वाट २००(दुईसय) लिटर डिजल ईन्धन कट्टा गरी बाँकि हुन आउने रकम ट्याक्टर तथा व्याकहो लोडरको प्रमाणित लगवुकको आधारमा प्रहरीको स्थलगत सर्जमिन मुचुल्का र सम्वन्धित वडा कार्यालयको सिफारिस वमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

ख. विश्वकर्मा बाबा व्यवस्थापन समिति बेलका-९ को माग निवेदन र प्राप्त बिल भर्पाई बमोजिम मुर्ति व्यवस्थापनबापत [illegible] समितिलाई रु.३३,५००/-भुक्तानी गर्ने निर्णय गरियो।

ग. यस कार्यालयको कानूनी परामर्श र बहस पैरवीकालागि अधिवक्ता ब्रम्हदेव चौधरीले नगरलाई परेको मुद्दाको लिखत जवाफ उच्चअदालत बिराटनगरमा पेश गरेबापत [illegible] पटकको माग निवेदन बमोजिम कुल रु.५१,०००/- भुक्तानि गर्ने निर्णय गरियो ।

घ. बेलका नगरपालिकाको कार्यालयका सवारी साधनहरु मर्मत वापतको रकम भुक्तानिं सम्बन्धमा निम्नानुसार रकम भुक्तानि गर्ने निर्णय गरियो।

कुवेर अटोवर्कशप प्रा.लि.- रु.३,६६,८३८.६८

न्यु विराट टायर सेन्टर- रु.४९,८००/-

माँ देवि ईन्जिनियरिङ वर्कशप- रु.११०७९५/-

जम्मारु.५२७४३३.६८( अक्षरुपी पाँच लाख सत्ताईस हजार चार सय तेतिस र अट्सठी पैसा मात्र)

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कार्यालयमा निम्न विवरण अनुसार पेश हुन आएका "घ" वर्गको निर्माण कम्पनीहरुको ईजाजत स्वीकृत गर्ने निर्णय गरियो ।

१.बेलका नगरपालिका वडा नं. ४ बस्ने भुवानी अधिकारीको नाति,कर्णखर अधिकारीको छोरा वर्ष ६२ को शिव कुमार अधिकारीले मिति २०८२/०५/२३ गते यस कार्यालयमा (घ) वर्गको निर्माण कम्पनी दर्ता तथा ईजाजत स्वीकृतिका लागि निवेदन पेश गरे वमोजिम राकस्नी निर्माणसेवा बेलका-४ उदयपुरलाई मिति २०८२/०६/२९ गतेको कार्यापालिका वैठकको निर्णयानुसार माग निवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

२. बेलका नगरपालिका वडा नं. ५ बस्ने नेत्र वहादुरको नाति,गोविन्द कुमार खड्काको छोरा वर्ष २९ को सागर खड्काले मिति २०८२/०५/२० गते यस कार्यालयमा (घ) वर्गको निर्माण कम्पनी दर्ता तथा ईजाजत स्वीकृतिका लागि निवेदन पेश गरे वमोजिम व्लु ओरेन्ज कन्ट्रक्सन प्रा.लि. बेलका-५ उदयपुरलाई मिति २०८२/०६/२९ गतेको कार्यापालिका वैठकको निर्णयानुसार माग निवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयमा सिफारिस भई आएका मानसिक रोगीहरुको निःशुल्क स्वास्थ्य वीमा सम्वन्धमा निम्नानुसारका व्यक्तिहरुको बेलका नगरपालिकावाट खर्च व्यहोर्नेगरी निःशुल्क स्वास्थ्य विमा गरिदिने निर्णय गरियो ।

निम्नः

१. रुद्र कुमारी पाण्डे- बेलका-१ ना.प्र.नं.-१४-०१-७५-०२२६७ जारी मिति-२०७५/०४/०४,उदयपुर ।

२. विशाल राई- बेलका- ३ ना.प्र.नं.-१४-०१-८०-०३०७८ जारी मिति-२०८०/०४/१५,उदयपुर ।

३. श्याम तामाङ्ग- बेलका-९ ना.प्र.नं.-३००२\२५५जारी मिति-२०७०/०१/१८,उदयपुर ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा Zen-Z को आन्दोलनका क्रममा बेलका -४ निवासी श्री सन्तोष वि.क.ले शाहदत्त प्राप्त गर्नु भएकोले अमर आत्माको चिरशान्ति एवम् वहा प्रति हार्दिक श्रद्धाञ्जलीअर्पण गर्दै शोकसन्तप्त परिवार प्रति समवेदना प्रकट गर्ने निर्णय गरियो ।निजको सामाजिक परम्पराअनुसार दाह संस्कार गर्दा लागेको खर्च रु.४९,०००/-र निजको परिवारलाई आर्थिक सहयोग स्वरुप रु.१,००,०००/- बेलका नगरपालिकावाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दाबेलका नगरपालिकाको वडा नं.१देखि ९ नं. वडाहरुको क्षेत्र भित्र वग्ने खोलाहरुवाट दिगो र वातावरण मैत्रीरुपले नदीजन्य पदार्थहरुको उत्खनन तथा संकलन कार्यकोलागि तयार भएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE)पुनरावलोकनप्रतिवेदन यस कार्यालयमा प्राप्त भएको हुँदा सो IEE प्रतिवेदन अनुसारको परिमाणमा ठेक्का व्यवस्थापनकालागि सम्वन्धित निकायमा IEE प्रतिवेदन सहित सहमतिका/स्वीकृतिकालागि सिफारिस साथ सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ विविध(क)माथि छलफल गर्दा मदनभण्डारी राजमार्गको सेतिखोला-कमलावारी-अमनखोला र सुपाडे खोलाहरु अन्तरगत पर्ने कजवेंमा आवत जावतमा कठिनाई भएको हुँदा उक्त कठिनाईलाई सहज वनाउने उद्देश्यले पुल निर्माणका लागि लागत इष्टिमेट तयार गरि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ विविध(ख)माथि छलफल गर्दा फोहोर व्यवस्थापनकालागि सम्वन्धित वडा कार्यालय, उद्योग वाणिज्य संघ र वजार व्यवस्थापन समिति संग प्रत्येक वडा कार्यालय मार्फत समन्वय गरि कार्ययोजना तयार गरी सःशुल्क उक्त फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रस्ताव सहित सिफारिस माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ विविध(ग)माथि छलफल गर्दा बेलका-९ रामपुर वजारको पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्नका लागि आवश्यक कार्ययोजना तयार गरी कार्यन्वयनमा लैजाने निर्णय गरियो ।

प्रस्ताव नं. १३ विविध(घ)माथि छलफल गर्दा बेलका नगरक्षेत्र भित्रका टोल,वस्ती तथा सडकहरुमा सडक वत्ति व्यवस्थापनका लागि १-९ नं. वडा कार्यालयहरु संग माग निवेदन सङ्कलन गरी सङ्कलित माग निवेदन अनुसार सडकवत्ति व्यवस्थापन गरिसुनिश्चित श्रोत मार्फत भुक्तानि गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ विविध(ङ)माथि छलफल गर्दा बेलका नगर युवा तथा खेलकुद विकास समितिको मिति २०८२/०६/०५ गतेको निर्णयानुसार बेलका नगरक्षेत्र भित्रका विभिन्न वडाहरुमा सञ्चालनरत एवम् सम्पन्न भएका फुटवल प्रतियोगिताहरुलाई अवश्यकता र औचित्यताको पुष्टी हुने शर्तमा<u>खेलकुद प्रवर्द्धन तथा खेलाडी प्रोत्साहन</u> कार्यक्रमवाट निम्नानुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निम्नः

१. तेश्रो माछापुच्छ्रे च्यालेन्जकप फुटवल प्रतियोगिता रु. ५०,०००/- वडा नं.-९

२. गल्फडिया च्यालेन्ज कप फुटवल प्रतियोगिता रु.४१,०००/- वडा नं.-२

३. देउराली फुटवल कप रु.९,०००/- वडा नं.-५

अशोक कार्की
नगर प्रमुख

CamScanner

प्रस्ताव नं.१३ विविध (च) माथि छलफल गर्दा यस बेलका नगरपालिकाको मिति २०८०/०२/२४ मा बसेको कार्यपालिका बैठकबाट स्वीकृत भई लागु गरिएको "बेलका नगरपालिकाको स्थानीय भूउपयोग मापदण्ड तथा आधारहरु २०८०"कार्यान्वयनका सिलसिलामा विभिन्न नीतिगत तथा व्यवहारिक कठिनाईहरु देखिएकोले उक्त मापदण्डमा ५०(पचास) प्रतिशत भन्दा बढी संशोधन गर्नुपर्ने हुँदा उक्त मापदण्ड खारेज गरि नयाँ मापदण्ड लागु गर्नुपर्ने देखियो ।सो सम्बन्धमा उक्त मापदण्डलाई प्रतिस्थापन गर्न पेश भएको "भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु,२०८२"को मस्यौदा उपर वृहद छलफल गरियो ।उक्त मापदण्डको मस्यौदा उपर थप छलफल र परिमार्जन आवश्यक पर्ने भए सो विषयहरु समावेश गरी "भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु,२०८२"को अन्तिम मस्यौदा पेश गर्ने प्रयोजनका लागि उक्त मापदण्डको मस्यौदा प्रति विधायन समितिमा पठाउने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

CamScanner